नेपाल राष्ट्र बैंक

# प्रेस समाचार

## गभर्नर खतिवडा-मेनेजिङ डाइरेक्टर भेटवार्ता

गभर्नर डा. युवराज खतिवडासँग स्टेट बैंक अफ इण्डियाका मेनेजिङ डाइरेक्टर तथा ग्रुप इक्जिक्युटिव एवम् नेपाल एसवीआई बैंक लि. का सञ्चालक हेमंत कन्ट्रैक्टरले माघ ३ गते शिष्टाचार भेट गर्नुभयो । भेटमा उहाँहरुबीच वित्तीय क्षेत्र स्थायित्व र सो क्षेत्रका आपसी सहकार्य एवम् सम्बन्ध अभिवृद्धि लगायतका समसामयिक विषयमा छलफल भएको थियो ।



सो भेटमा गभर्नर डा. खतिवडा र मेनेजिङ डाइरेक्टर कन्ट्रैक्टरबीच भारतमा रहेका नेपालीहरुले औपचारिक माध्यमबाट विप्रेषण नेपाल पठाउने प्रक्रियालाई सरलीकरण गर्ने तथा नेपालबाट जारी गरिएका ड्राफ्टहरुलाई भारतमा एसवीआई बैंकका शाखाहरूले सहजतापूर्वक स्वीकार गर्ने प्रक्रियाका बारेमा विचार विमर्श भएको थियो ।

सो भेटमा वित्तीय क्षेत्रका विभिन्न विषयहरु जस्तैः आधार दरको कार्यान्वयनको अवस्था, निष्क्रिय कर्जाको व्यवस्थापन, राष्ट्रिय प्राथमिकताका क्षेत्रमा लगानी, साना तथा मझौला उद्यमीलाई वित्तीय साधान प्रवाह गर्ने भारतीय अनुभवलाई नेपालमा समेत कार्यान्वयन गरी रोजगार प्रवर्द्धन र आय आर्जन अभिवृद्धि गर्ने लगायतका विषयमा पनि छलफल भएको थियो । भेटमा परियोजनाको सम्भाव्यता एवम् नगद प्रवाह र स्थिर सम्पत्तिको धितो एक अर्काका परिपूरक हुने कुरा दक्षिण एसियाका लागि उपयुक्त हुने अनुभव आदानप्रदान गरिएको थियो ।

सो भेटमा मेनेजिङ डाइरेक्टर कन्ट्रेक्टरले एसवीआई बैंकको संयुक्त लगानीमा स्थापित नेपाल एसवीआई बैंक लि.ले दुई दशकको अवधिमा गरेको वित्तीय सेवा र यसको प्रगतिका सम्बन्धमा संस्थापकका हैसियतले सन्तोष व्यक्त गर्नुभएको थियो ।

२०६९ माघ ३ गते, बुधवार

गभर्नरको कार्यालय